# प्रदेश नम्बर दुई स्थानीय तह निर्वाचन २०७४
# सुरक्षा अवस्था विश्लेषण

आगामी असोज २ गते २ नम्बर प्रदेशमा हुने स्थानीय तह निर्वाचनको आवश्यक तयारी पूरा भएको निर्वाचन आयोगले जनाएको छ । दुई नम्बर प्रदेशका ८ जिल्लाका १ सय ३६ स्थानीय तहको निर्वाचनका लागि ३ हजार ५ सय ७८ मतदान केन्द्र र २ हजार १ सय ६६ मतदान स्थल कायम गरिएका छन् । यस प्रदेशका कूल मतादाता सङ्ख्या २६ लाख ६४ हजार ९ सय ५० मतदाता रहेका छन् । निर्वाचन सम्पन्न गर्न ३१ हजार ५ सय कर्मचारी खटिएका छन् ।

एक महानगरपालिका, तीन उपमहानगरपालिका, ७३ नगरपालिका र ५९ गाउँपालिकामा निर्वाचन हुँदैछ । यस निर्वाचनले १ सय ३६ प्रमुख एवम् अध्यक्ष, १ सय ३६ उपप्रमुख एवम् उपाध्यक्ष, १ हजार २ सय ७१ वडाध्यक्ष तथा ५ हजार ८ सय ३४ वडा सदस्यसहित कूल ६ हजार ६ सय २७ जनप्रतिनिधि निर्वाचित हुनेछन् ।

निर्वाचनको विरोधमा रहेका मधेसवादी दलहरू मध्येको राष्ट्रिय जनता पार्टी (राजपा) पनि निर्वाचनमा सहभागी हुने भएपछि निर्वाचनको वातावरण सहज भएको आभास भएको छ । ठूला राजनीतिक दलहरू लगायत मधेसका दलहरूका गतिविधिका कारण दुई नम्बर प्रदेश निर्वाचनमय देखिन थालेको छ ।

यद्यपि केही समय अघिको बाढीका कारणस्थानीय प्रशासनलाई बाढी पीडितलाई राहत र सहयोगको कार्य र अर्कोतिर निर्वाचनको सुरक्षा व्यवस्थाको बढ्दो जिम्मेवारीलाई व्यवस्थापन गर्नुपर्ने दोहोरो जिम्मेवारी आएको छ ।

## सिरहा

मधेस आन्दोलनको उद्गम स्थल र मधेस केन्द्रित सशस्त्र समूहको प्रभावित जिल्लामा सिरहा पनि रहेको छ । सुरक्षा संवेदनशीलताको हिसाबले सिरहा जिल्लालाई संवेदनशील जिल्लाकै रूपमा हेर्ने गरिएको छ । यो जिल्लालाई अति संवेदनशील जिल्ला घोषण गरिएकोले यसैअनुरुप मतदान केन्द्र, मतदान स्थल, निर्वाचन कार्यालय, निर्वाचण अधिकृतहरूको सुरक्षालाई ध्यानमा राखेर सुरक्षा तयारी भएको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

कूल १७ वटा स्थानीय तह रहेको सिरहा जिल्लामा दुईसय २१ मतदान स्थाल र कुल चार सय ३१ मतदान केन्द्रहरू रहेका छन् । यस जिल्लामा कुल तीन लाख ५० हजार मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । मतदाता शिक्षा कार्यक्रम सम्पन्न भएको र निर्वाचनको पूर्व तयारीको कार्य पूरा भइसकेको जिल्ला निर्वाचन कार्यालयकी प्रमुख ईन्दिरा यादवले जनाएकी छिन् ।

यसैगरी जिल्लामा सुरक्षाको दृष्टिकोणले एकसय १० स्थान अति संवेदनशील, ८८ स्थान संवेदनशील र २८ मतदानस्थल सामान्य रहेको सिरहाका एसपी शेखर कोइरालाले जनाएका छन् । निर्वाचनको समयमा

संवेदनशीलताको आधारमा नेपाली सेना, शसस्त्र प्रहरी र नेपाल प्रहरी सहितको निर्वाचन सुरक्षा योजना तयार गरिएको कोइरालाले जानकारी दिए । हालसम्म सुरक्षा अवस्था सामान्य रहेको र कुनै अप्रिय घटना नभएको एसपी कोइरालाले भनाइ रहेको छ ।

## सप्तरी

नौ नगरपालिका र ९ गाउँपालिकासहित १७ स्थानीय तह रहेको सप्तरीमा आसन्न स्थानीय तहको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सम्बन्धित नगरपालिका र गाउँपालिकाको केन्द्रहरूमा निर्वाचन अधिकृतको कार्यालयहरू स्थापना गरिएको जिल्ला निर्वाचन अधिकारी महेश ठाकुरले बताएका छन् । सप्तरी जिल्लाका दुई सय ६१ ओटा मतदानस्थलको चार सय ९१ मतदान केन्द्र रहेका छन् । सप्तरीका अधिकांश मतदान केन्द्रहरू अति संवेदनशील र संवेदनशील अवस्था रहेको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

मधेसवादी दलहरू निर्वाचनमा सहभागी हुने भएता पनि सिके राउत र जयकृष्ण गोइतको गृह जिल्ला भएका कारण उक्त समूहहरूबाट सुरक्षा चुनौती यथावत नै रहेको सप्तरीका एसपी मुकेश सिंह बताउँछन् ।

त्यसैगरि, विगतमा एमाले र मधेसवादी दलका कार्यकर्ताबीच भएको भिडन्त र एमालेलाई मधेस विरोधी भनि मधेसवादी दलले लिने गरेका कारण यी दलहरूबीच पनि असहज अवस्था सृजना हुनसक्ने स्थानीय प्रशासनको विश्लेषण रहेको छ ।

यद्यपि सप्तरीको भौगोलिकताका आधारमा राजमार्गदेखि उत्तरी भूभागका स्थानहरूमा केही सहज र दक्षिणी भूभागमा केही जटिल अवस्था हुन सक्ने अवस्था रहेकोले सोही अनुसार सुरक्षा संवेदनशीलताका आधारमा नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी र म्यादी प्रहरीलाई परिचालन गरिएको सप्तरीका प्रमुख जिल्ला अधिकारी भागिरथ पाण्डेय बताउँछन् ।

## धनुषा

स्थानीय तह निर्वाचनमा यस जिल्लामा निर्वाचन शान्तिपूर्ण रुपमा हुने सम्भावना भए पनि राष्ट्रिय जनाता पार्टी (राजपा) नेपाल र नेकपा एमालेसँग राजनीतिक रुपमा द्वन्द्व देखिएको छ ।

नेपालको संविधान २०७२ जारी भएपछि संविधानसँग असहमति राख्दै विरोध गर्दै आएका मधेसी दलहरूले जिल्लामा अन्य राजनैतिक दलका गतिविधिहरू सञ्चालन गर्न दिए पनि नेकपा एमालेका गतिविधिहरू माथि निगरानी राख्ने, एमालेका कार्यक्रमहरूमा अवरोध पुऱ्याउने, एमालेका केन्द्रीय स्तरका नेताहरू आउँदा बिरोध पर्दशन गर्ने र जिल्ला सदरमुकामलगायत अन्य स्थानमा जान नदिने क्रियाकलापहरू गर्दै आइरहेका छन् । ०७४ भदौ १३ गते एमालेले आयोजना गरेको प्रादेशिक कार्यकर्ता भेलाको संबोधन गर्न आएका एमालेका बरिष्ठ नेता माधव कुमार नेपाललाई राजापा नेपालका कार्यकर्ताहरूले विरोध गरेका थिए ।

यस जिल्लामा नगरपालिका १२ र गाउँपालिका ६ ओटा रहेको छ । कूल मतदाता ३ लाख ८९ हजार ३ सय ८६ रहेको छ । स्थानीय तह निर्वाचनका लागि ३ सय २७ मतदान स्थल र ५ सय ३२ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ ।

जिल्लामा स्थानीय तह निर्वाचनका लागि ३ सय २६ मतदान स्थल निर्धारण भएको छ । ती मतदान स्थलहरू र मतदाता लगायत मतपेटिका, कर्मचारी र उम्मेदवारहरूको सुरक्षा योजना बनाइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । जिल्लाको सुरक्षा अवस्थालाई विश्लेषण गर्दै मतदान स्थलहरूलाई तीन भागमा बिभाजन गरी सुरक्षा प्रबन्ध गरिएको जिल्ला प्रहरी कार्यालयका एसपी लालमणि आचार्यले बताए । मतदान स्थलहरूलाई अति संवेदनशिल, संवेदनशिल र सामान्य गरी तीन भागमा बिभक्त गरी सोही अनुसार सुरक्षा प्रबन्ध मिलाइएको उनले जानकारी दिए । जिल्लाको दक्षिणी भागमा तराईमा क्रियाशिल भूमिगत सशस्त्र समूह र सिके राउतका कार्यकर्ताहरूबाट हुने अबरोधबाट हुने सम्भावित खतरालाई पनि सुरक्षाको दृष्टिकोणबाट हेरिएको एसपी आचार्यले बताए ।

## महोत्तरी

जिल्लामा १० नगरपालिका र पाँच गाउँपालिका छन् । असोज २ गते निर्धारण गरिएको तेश्रो चरणको स्थानीय तहको निर्वाचनको तयारी महोत्तरीमा तीब्र पारिएको छ । जिल्ला निर्वाचन कार्यालय महोत्तरी प्रमुख पिंकी रायले महोत्तरीमा २ सय ५३ मतदान केन्द्र र ४ सय १४ मतदान स्थल तोकिएको बताएकी छिन् । उनले जिल्लाका विभिन्न कार्यालयहरूसँग मदतानमा खटाउन कर्मचारी बिवरण समेत मागिएको बताएकी छिन् । महोत्तरीमा स्थानीय तहको निर्वाचनमा भागलिन निर्वाचन कार्यालयमा २९ दल दर्ता भएको छ । महोत्तरीमा कुल जनसङ्ख्या ६ लाख २७ हजार ५ सय ८० रहेको मा ३ लाख १३ हजार ३५७ मतदाता रहेको छ ।

प्रमुख जिल्ला अधिकारी बाबुराम श्रेष्ठले जिल्लामा अहिले शान्ति रहेको र सौहार्दपूर्ण वातावरण बनाई राख्न प्रयास जारी रहेको बताउँदै चुनाव गराउन आउने बाधा अवरोध वार्ताको माध्यमले हल गर्न आफूहरू लागिपरेको बताएका छन् ।

निर्वाचन निष्पक्ष र शान्तिपूर्ण बनाउन स्थानीय प्रशासनले इजाजत प्राप्त हातहतियार बुझाउन पटक-पटक सार्वजनिक सूचना गरे पनि हतियारधनीले अटेरी गरेका छन् । प्रमुख जिल्ला अधिकारी श्रेष्ठले भदौ १५ गते बसेको सुरक्षा समिति बैठकले सात दिनभित्र बुझाउन पुनः अर्को सूचना जारी गरेको बताए । प्रशासकीय अधिकृत हेमबहादुर कार्कीका अनुसार जिल्लामा साना-ठूला गरी ३ सय ३२ थान इजाजतप्राप्त हतियार छन् । जिल्ला प्रहरीका अनुसार अहिलेसम्म एकनाले ४४ र २ नाले ११ गरी ४५ थान बन्दुक मात्र सङ्कलन भएको छ । यो सङ्ख्या कुल अनुमति प्राप्त हतियारको केवल १६ प्रतिशत मात्र हो । जिल्ला प्रहरी कार्यालय महोत्तरीका एसपी कुवेर कठायत प्रशासनको सूचनालाई अटेर गरी हतियार नबुझाउनु सुरक्षामै 'थ्रेट' रहेको बताउँछन् ।

## सर्लाही

सर्लाहीमा स्थानीय निकायको निर्वाचनमा ३ लाख ७७ हजार ७ सय ५ मतदाता सहभागी हुँदैछन् । जिल्लामा २ सय वडा, नौ गाउँपालिका र ११ नगरपालिका छन् । जिल्लामा स्थानीय तह निर्वाचनका लागि ३ सय १८ मतदान स्थाल र ५ सय १ मतदान केन्द्र सिफारिस गरिएको जिल्ला निर्वाचन कार्यालय सर्लाहीका प्रमुख दिवाकर भुजेलले बताए । जिल्लामा १ हजार ४० जन प्रतिनिधि चुन्न निर्वाचनको तयारी पूरा भएको छ ।

दुई वर्ष सम्म आन्दोलनमा कालो झण्डा बोकेर हिंडका राजपा नेपालका नेता तथा कार्यकर्ता पार्टीको झण्डा बनाउन व्यस्त छन् । मधेस केन्द्रित दलका दिग्ज नेताहरूको गृह जिल्ला सर्लाहीमा चुनावको चहलपहल बढेको छ । राजप नेपालका नेताहरू महन्थ ठाकुर, राजेन्द्र महतो र महेन्द्र रायको गृह जिल्ला सर्लाही नै हो ।

प्रमुख जिल्ला अधिकारी प्रदिप राज कँडेलका अनुसार स्थानीय तह निर्वाचनका लागि सम्पूर्ण सुरक्षा व्यवस्था तयारी भइसकेको छ ।

## रौतहट

पूर्वमा सर्लाही जिल्ला, पश्चिममा बारा जिल्ला, उत्तरमा प्रदेश नं ३ को मकवानपुर जिल्ला र दक्षिणमा भारतको बिहार राज्यसँग सीमाना जोडिएको यस जिल्लामा मधेस आन्दोलनको ठूलो प्रभाव रहेको छ । मधेसी दलहरूले सञ्चालन गर्ने प्रत्येक आन्दोलनमा यस जिल्लाको सक्रिय उपस्थिति र सहभागिता रहने गरेको छ । नेपालको संविधान २०७२ जारी भएपछि संविधानप्रति विरोध जनाउँदै आएका मधेसी दलहरूले जिल्लामा अन्य राजनीतिक दलका गतिविधिहरू सञ्चालन गर्न दिए पनि नेकपा एमालेका गतिविधिहरू माथि निगरानी राख्ने, एमालेका कार्यक्रमहरूमा अबरोध पुऱ्याउने, एमालेका केन्द्रीय स्तरका नेताहरू आउँदा विरोध पर्दशन गर्ने र जिल्ला सदरमुकाम लगायत अन्य स्थानमा जान नदिने क्रियाकलापहरू गर्दै आइरहेका छन् र हालसम्म पनि सोही गतिविधि जारी राखेका छन् ।

जिल्लामा १६ नगरपालिका र दुई गाउँपालिका छन् । स्थानीय तहको निर्वाचनका लागि मदतादन स्थल २ सय ७६ र मतदान केन्द्र ४ सय ३६ तोकिएको छ । निर्वाचनका लागि २ सय ७६ मतदान स्थल निर्धारण भएको छ । ती मतदान स्थलहरू र मतदाता लगायत मतपेटिका, कर्मचारी र उम्मेदवारहरूको सुरक्षा योजना बनाइएको जिल्ला प्रहरी कार्यालय, रौतहटले जनाएको छ । जिल्लाको सुरक्षा अवस्थालाई विश्लेषण गर्दै मतदान स्थलहरूलाई तीन भागमा विभाजन गरी सुरक्षा प्रबन्ध गरिएको जिल्ला प्रहरी कार्यालय, रौतहटका एसपी यज्ञबिनोद पोखरेलले बताए । मतदान स्थलहरूलाई अति संवेदनशील ९२, संवेदनशील ७३ र सामान्य १ सय ११ गरी तीन भागमा विभक्त गरी सोही अनुसार सुरक्षा प्रबन्ध मिलाइएको उनले बताए । जिल्लाको दक्षिणी भागमा मधेसी मोर्चाको अवरोध, तराईमा क्रियाशील भूमिगत सशस्त्र समूहबाट हुने खतरा, सिके राउतका कार्यकर्ताहरूबाट हुने अवरोध र उत्तरी भेगमा नेकपा माओवादी (विप्लव समूह) बाट हुने सम्भावित खतरालाई पनि सुरक्षाको दृष्टिकोणबाट हेरिएको एसपी पोखरेलले बताए ।

## बारा

राजनीतिक दलहरूले प्रचार प्रसार अभियान तीब्र पारेका छन् । घरदैलो, सभा लगायतका कार्यक्रमहरू गरिरहेका छन् । प्रचार प्रसारको क्रममा निर्वाचन आचारसंहिता उल्लङ्घन भइरहेको पनि देखिएको छ । मतदाता शिक्षा लगायतका कार्यक्रम जारी छ । सबै स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय खुलिसकेको छ । राजनीतिक दलहरूमा उम्मेद्वार चयन गर्ने क्रममा गुटबन्दी भइरहेकोले द्वन्द्व भइरहेको देखिन्छ । स्थानीय तह निर्वाचनका लागि चुनावी सुरक्षा स्थानीय प्रशासनले बढाएको छ । प्रमुख जिल्ला अधिकारी विजयनारायण मानन्धरले स्वच्छ निष्पक्ष र भयरहित निर्वाचनका लागि सुरक्षा व्यवस्था मिलाइएको बताएका छन् । मतदाता,

उम्मेद्वार र मतदान केन्द्रको सुरक्षाका लागि सुरक्षाकर्मी परिचालन गरिएको प्रमुख जिल्ला अधिकारी मानन्धरले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालयका एसपी राजकुमार बैदवारले स्थानीय तह निर्वाचनका क्रममा मदिरा नियन्त्रण, फरार अभियुक्त पक्राउलगायतका अभियान चलाइएको बताए । नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी तथा म्यादी प्रहरी व्यापक परिचालन गरिएको छ । सीमा सुरक्षालगायत गाउँ र शहरहरूमा सुरक्षा परिचालन गरिएको छ । मतदान केन्द्रलाई लक्षित गरी सुरक्षा परिचालन गरिएको छ ।

कुल ३ लाख ३६ हजार ६ सय ७८ मतदाताका लागि ३ सय ३ मतदान स्थल र ४ सय ५८ मतदान केन्द्र तोकिएका छन् । सदरमुकाम कलैया लगायत दक्षिणी सीमावर्ती क्षेत्र सिम्रौनगढ र पचरौता नगरपालिका, देवताल, आदर्श कोतवाल, विश्रामपुर, प्रसौनी, फेटा, परवानीपुर लगायतका ठाउँ सुरक्षाको दृष्टिकोणले संवेदनशील छन् ।

## पर्सा

यस जिल्लामा  १४ ओटा स्थानीय निकाय रहेका छन् । जिल्लामा २ लाख ८० हजार २ सय ११ मतदाता रहेका छन् । निर्वाचन आयोगले १ सय ६७ मतदान स्थल तोकेको छ भने ३ सय ४४ मतदान केन्द्र तोकिएको छ ।

७१ मतदान केन्द्र अति संवेदनशील, ७९ मतदान केन्द्र संवेदनशील र अन्य मतदान केन्द्र सामान्य रहेको सुरक्षा निकायको विश्लेषण रहेको छ । सुरक्षा निकायले निर्वाचनको लागि अति संवेदनशील मतदान केन्द्रको सुरक्षा व्यवस्था कडा पारिएको जनाएको छ । पर्सा जिल्लामा २३ सय नेपाल प्रहरी र १३ सय सशस्त्र प्रहरी जनशक्ति परिचालन भएको छ । तेश्रो सुरक्षा घेरामा नेपाली सेनाका २ कम्पनी परिचालन हुने भएका छन् । पर्साका प्रहरी प्रमुख सुदीप गिरीले सुरक्षाको वातावरण बनाउन स्थानीय प्रशासनले प्रभावकारी भूमिका निर्वाह गरेको बताए । २० वर्षपछि हुन लागेको स्थानीय निकायको निर्वाचनले युवा पङ्क्तिलाई निकै उत्साहित बनाएको छ ।